स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली फिल्मको इतिहासमा सर्वाधिक कमाउने शीर्ष पहिलो र चौँथो फिल्म अभिनेत्री अञ्जना बराइलीको नाममा छन् । एकपछि अर्को हिट फिल्ममा अभिनय गरेकी अञ्जना अहिलेकी 'डिमान्डेड एक्ट्रेस' पनि हुन् । सफलताको घोडामा सयर गरिरहेकी उनै अञ्जना केही दिनयता पारिश्रमिकको कारणले चर्चामा छिन् । पारिश्रमिक डिमान्ड गरेको कुरा केही मिडिया विवरणमा उल्लेख छ ।

आजको विचार...



जीवन...

*(दुई पेजमा)*

शम्भु कोइराला



अभिनेता हरिवंश आचार्यको आँखाको मोतिबिन्दुको शल्यक्रिया गरिएको छ। तिलगंगा आँखा प्रतिष्ठानमा शुक्रबार उनको दाहिने आँखाको मोतिबिन्दुको अप्रेसन गरिएको हो। चिकित्सकहरू सन्दुक रुइत र रीता गुरुङको टिमले शल्यक्रिया गरेको हो। हरिवंशले सामाजिक सञ्जालबाट भिडियो सेयर गर्दै उपचारमा संलग्न चिकित्सकप्रति आभार व्यक्त गरेका छन्। कालो चस्मा लगाउन, धूलो धुवाँमा नहिँड्न, आँखा नमिच्न सल्लाह दिएको हरिवंशले अनलाइनखबरलाई बताए।

❒ वर्ष ३१ अंक १४३ ❒ २०८२ पुस ५ गते शनिबार 20 December 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### अमेरिकाको ग्रिन कार्ड लटरी स्थगित

(रासस/एएफपी)

**वासिङ्टन,** पुस ४/अमेरिकी सुरक्षा प्रमुख क्रिस्टी नोमले बिहीबार ब्राउन युनिभर्सिटीमा सामूहिक गोलीबारीमा संदिग्ध क्लाउडियो नेभेस भ्यालेन्टेले प्रयोग गरेको भन्दै ग्रिन कार्ड लटरी निलम्बन गर्ने आदेश दिएका छन् । पोर्चुगलका नागरिक नेभेस भ्यालेन्टे माथि डिसेम्बर- १३ मा आइभी लिग स्कुलको भवनमा आक्रमण गरी परीक्षामा बसेका विद्यार्थी माथि गोली चलाएको आरोप लगाइएको छ । जसमा दुई जनाको मृत्यु भएको थियो भने नौ जना घाइते भएका थिए । उनी माथि दुई दिन पछि म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एम आइटी) का एकजना प्राध्यापकको हत्या गरेको आरोप पनि लगाइएको जनाइएको छ । नोमले सामाजिक सञ्जालमा नेभेस भ्यालेन्टे "सन् २०१७ मा डाइभर्सिटी लटरी इमिग्रेन्ट भिसा कार्यक्रम (डिभि-१) मार्फत संयुक्त राज्य अमेरिकामा प्रवेश गरेर ग्रिन कार्ड प्राप्त गरेको बताए । "राष्ट्रपति ट्रम्पको निर्देशनमा, तुरुन्तै संयुक्त राज्य अमेरिकाको नागरिकता र अध्यागमन सेवा (युयस सी आइयस) ग्रीन कार्ड कार्यक्रम रोक्न निर्देशन दिएको उल्लेख गर्दै विनाशकारी कार्यक्रमबाट थप अमेरिकीहरूलाई हानी नहोस भन्ने अभिप्रायले निलम्बन गरेको बताए ।

# लुम्बिनीमा बजेट कार्यान्वयन निराशाजनक

## पाँच महिनामा १५ प्रतिशत मात्रै खर्च

हाम्रा संवाददाता

**दाङ,** पुस ४/लुम्बिनी प्रदेशमा चालु आर्थिक वर्षको पाँच महिना सम्मको बजेट कार्यान्वयनको अवस्था निराशा जनक देखिएको छ । राजनीतिक अस्थिरता, सरकार गठन भएको लामो समयसम्म सरकारलाई पूर्णता दिन नसक्नु, कर्मचारी व्यवस्थापनमा चुस्तता नहुनु, आन्तरिक राजश्व परिचालन र व्यवस्थापनमा ठोस कार्ययोजना नहुँदा लुम्बिनी प्रदेशको बजेट कार्यान्वयन निकै सुस्त भएको हो ।

प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पाँच महिनामा कुल




बजेटको करिब १५ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार, मंसिर मसान्तसम्म चालु आवमा ३८ अर्ब ९१ करोड बजेट विनियोजन भएकोमा पाँच अर्ब ९८ करोड ९० लाख अर्थात् १५ दशमलव ३९ प्रतिशत मात्रै खर्च गरेको हो । प्रदेश सरकारको पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख रुपैयाँ बजेट थियो । जसमा दुई अर्ब ८९ करोड ८९ लाख खर्च गरेको हो । चालुतर्फ २० दशमलव ०२ प्रतिशत खर्च भएको छ । यसमा १५ अर्ब ४३ करोड ८५ लाख बजेट विनियोजन भएकोमा तीन अर्ब ९ करोड खर्च भएको हो । प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रतिवेदन अनुसार प्रदेशसभाको १० दशमलव ५२ प्रतिशत बजेट खर्च भएको छ । जसमध्ये चालुतर्फ २२ दशमलव ०४ खर्च भए पनि पुँजीगततर्फ बजेट खर्च हुन सकेकै छैन । प्रदेश लोकसेवा आयोगको १९ दशमलव ८१ प्रतिशत बजेट खर्च भएको छ । यसैगरी प्रदेश योजना आयोगको १४ दशमलव ७९ प्रतिशत खर्च भए पनि अर्थ विविधतर्फको कुनै पनि बजेट खर्च भएको छैन । अर्थ विविधमा ५० करोड १० लाख बजेट रहेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## मृत भेटिएको १३ दिन पछि शवको पहिचान



**गुल्मी,** पुस ४/गुल्मीमा मृत भेटिएको १३ दिन पछि एक शवको पहिचान भएको छ । यहाँको रेसुङ्गा नगरपालिका-४ मोत्तियारस्थित पनाहा खोलामा बेवारिसे अवस्थामा फेला परेको शव शव रेसुङ्गा नगरपालिका-१ तम्घासका ३४ वर्षीय मनोज पोखरेलको रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्रहरी उपरीक्षक नारायणप्रसाद अधिकारीले बताए ।


शव मंसिर २० मा फेला परेको थियो । मनोज मङ्सिर १८ गतेबाट घरबाट हराएका थिए । शरीरमा चोटहरु भएकाले आफैँ मरे वा कसैले हत्या गरेर फाल्यो भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ । प्रहरीले घटनाको बारेमा सूक्ष्म रुपमा अनुसन्धान भइरहेको र शवको पहिचान भएकाले थप काम हुने प्रहरीले जनाएको छ ।

उनी केही मात्रामा बौद्धिक अपाङ्गता रहेका थिए । हालसम्म मर्सरी फ्रिजमा राखिएको उक्त शव अहिले पोष्टमार्टम प्रक्रियामा रहेको छ । जमेको पानीमा घोप्टो परेको अवस्थामा पानीमा तैरिएको अवस्थामा शरीरको पछाडी ढाडको भाग देखिने गरी घोप्टो अवस्थामा उक्त शव फेला परेको थियो ।

## कोदो, मकै फल्ने बारीमा सुन्तला बगैँचा

**वालिङ (स्याङ्जा),** पुस ४/ स्याङ्जाको पुतलीबजार नगरपालिका-७ ठूलाडिहीका यामबहादुर सेनले यसवर्ष सुन्तला बिक्रीबाट १५ लाख बढी आम्दानी गरेका छन् । सन्ताउनन वर्ष पहिला कोदो, मकै फल्ने बारीमा बुवाले थालेको सुन्तला खेतीलाई विस्तार गर्दै उनले आम्दानी लिन थालेका हुन् ।

कोदो, मकैबाटभन्दा सुन्तला खेतीबाट राम्रो आम्दानी हुने सम्भावना देखेर थालिएको सुन्तला खेती अहिले आम्दानीको मुख्य स्रोतकोरूपमा रहेको छ । विसं २०७५ सालदेखि व्यावसायिक रूपमा सुन्तला खेती गरेका सेनले सुन्तलाको बगैँचा विस्तारमा जोड दिँदै हाल ३६ रोपनीमा व्यावसायिक रूपमा खेती गर्दै आएका छन् । उनले यसवर्ष ३०० सुन्तलाका बोटमा फलेको सुन्तला बिक्रीबाट १५ लाख बढी आम्दानी गरेका हुन् । "छत्तिस रोपनी क्षेत्रफलमा फैलिएको



सुन्तला बगैँचामा रहेको बोटहरुमध्ये यसवर्ष ३०० बोटमा मात्रै उत्पादन भएको हो" उनले भने, "स्थानीय स्याङ्जाकै सुन्तला व्यापारीलाई बोट नै १५ लाखमा ठेक्कामा दिएको हुँ ।" स्थानीय सुन्तला व्यापारीले बगैँचाबाट सुन्तला टिप्ने, ढुवानी तथा बजारीकरणको काम गरेका हुन् । बगैँचामा पुराना ३०० र नयाँ एक हजार ५० गरी एक हजार ३५० वटा सुन्तलाका बोट रहेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ७५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## एमाले महाधिवेशनको सन्देश

नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशन नेतृत्व चयन गर्दै सकिएको छ । नेपालको कम्युनिष्ट आन्दोलनको मूलधार र सबैभन्दा पुरानो, संगठित तथा प्रभावशाली दलका रूपमा स्थापित एमालेको महाधिवेशनलाई यसपटक विशेष चासोका साथ हेरिएयो । जेन–जी आन्दोलनपछिको बदलिँदो राजनीतिक चेतना, युवापुस्ताको दबाब र देशमा देखिएको नेतृत्वप्रतिको निराशाबीच एमालेले कस्तो नेतृत्व चयन गर्छ र कस्तो नीति अघि सार्छ भन्ने प्रश्न एमालेको अन्तिम मत परिणामले प्रष्ट पारेको छ ।

महाधिवेशनमार्फत निर्वाचनबाटै नयाँ नेतृत्व चयन गरेर एमालेले सकरात्मक सन्देश प्रवाह गरेको छ । एमालेमा यो नै पहिलो पटक निर्वाचन अभ्यास भने होइन । विगतमा पनि निर्वाचन भएका हुन् । तर अहिलेको निर्वाचनले सकारात्मक सन्देश दिएको छ । एमालेले आफूलाई सबैभन्दा गतिशील र अप्ठ्यारो परेका बेला पनि धुलो टकटक्याउँदै उठ्न सक्ने क्षमता भएको दलका रूपमा फेरि स्थापित गरेको छ । विषम परिस्थितिका बेला पनि महाधिवेशन आयोजना गर्नु, नेतृत्वका निम्ति निर्वाचन गर्न पनि तयार हुनु र फेरि दललाई एक ढिक्का बनाएर जाने आँट गर्नु सकारात्मक पक्ष हो । आपसमा प्रतिस्पर्धा गरेर पनि पराजित नेता तथा कार्यकर्ताले दलप्रतिको आफ्नो प्रतिबद्धता दोहोर्‍याएका छन् । त्यसैगरी निर्वाचित हुनेहरूले पनि उत्तेजनापूर्ण अभिव्यक्ति नदिई अगाडि बढ्ने लक्षण देखाइरहेका छन् । एमाले अध्यक्ष केपी शर्मा ओलीले लगातार तेस्रो पटक पनि अध्यक्षमा जित्ने आफ्नो क्षमता प्रदर्शन गरेका छन्, त्यो आफैंमा उल्लेख्य छ । ओलीको यो विजयसँगै राष्ट्रिय राजनीतिमा उनको भूमिका प्रबल हुने देखिएको छ । जेनजी विद्रोहपछि संसद् विघटन भएको स्थितिलाई उनले स्वीकार गर्न सकेका छैनन् । त्यसैगरी वर्तमान सरकारप्रति पनि उत्तिकै आलोचक रहँदै आएका छन् । राष्ट्रिय राजनीतिमा आगामी दिनमा ओलीको भूमिकाले फरक पार्न सक्छ । दलभित्र ओलीमाथि एकलौटी गरेको आरोप लाग्दै आए पनि त्यहाँ आफ्नो बलियो पकड रहेको उनले खुला निर्वाचनमार्फत पुष्टि गरेका छन् । त्यति मात्र होइन, मुलुकको राजनीतिमा ओली अझै सान्दर्भिक रहेको यसले देखाउँछ । जेनजी विद्रोहपछि पुस्तान्तरण र पद हस्तान्तरणको जबर्जस्त भाष्य निर्माण भएता पनि एमालेभित्रको निर्वाचन परिणामले त्यसलाई स्वीकार गरेको देखिएन । महाधिवेशन परिणामले फेरि पनि एमालेभित्र दह्रो अडान राख्न सक्ने र बलियो नेतृत्वलाई खोजेको प्रष्ट हुन्छ ।

### Opinion @ Socia Network

जिन्दगीको हरेक ठकरले एउटै पाठ सिकाउँछ बाटो
चाहे जस्तो सुकै होस भरोसा केवल आफ्नो खुट्टामा राख्नु ।

*(कृष्ण सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Krishna.Saru)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगइन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जीवन, भोगाइ र उद्देश्य



**शम्भु कोइराला**

> *आर्थिक रूपमा सम्पन्नका लागि फरक किसिमका ठूला उद्देश्य हुने भए । समाजको सोच, प्रवृत्ति, देखासिकी, मानसिक अवस्थाले पनि मानिसका फरक उद्देश्य हुने भए । दार्शनिक ओसोका अनुसार जीवन आफैंमा एक यात्रा र उत्सव हो ।*

**नमागिएको सल्लाह :**
जीवन के हो ? भन्ने विषयमा मानिसहरू खासगरी जीवनको उत्तरार्धतिर विचार गर्ने गर्छन् । बाल्यकाल संसारका जिउने कला सिक्दै अगाडि बढ्छ । वयस्क भएपछि जीविका, जोडीको खोजी र सन्तानको पालनपोषण, शिक्षा दिक्षामा बित्दछ । अहिलेका बच्चाको बालापन खेलकुद, मोबाइल स्क्रिनमा व्यतीत हुन्छ भने बैंसालुहरू गाँस, बास र कपासको जोहो र जोडीको प्रेमको खोजीमा हुन्छन् । जीवनको बारेमा सोच्ने फुर्सद भनेको जीवनको उत्तरार्द्ध हुनेरहेछ । शारीरिक दुर्बलता, फुर्सद, मृत्यु-भयले पनि मानिसलाई केही आध्यात्मिक र दार्शनिक बनाउने रहेछ । आजभोलि पाको मानिस देखेपछि यो मानिसले आफ्नो लामो जीवनलाई कसरी बुझ्यो होला ? मनमा जिज्ञासा उठ्न थालेको छ । यसै मेसोमा करिब दुई वर्षअगाडि कानपुर कालापानी क्षेत्रमा एकजना तामाङ दाजु भेट हुनुभयो । उहाँ खासै पढेलेखेको त होइन । उहाँमा लगभग ७५ वर्ष लामो जीवनको भोगाइको अनुभव थियो । यो ७५ वर्ष चाहिँ बालापनको सात वर्ष घटाएर हो । सात वर्ष पछाडिका घटना चाहिँ मानिसले लगभग सम्झिने रहेछ । मैले सामान्य भलाकुसारीपछि गफिने मेसोमा भनें-दाइ, यो लामो समयमा जीवनलाई कसरी बुझ्नुभयो । यो कठिन प्रश्नको जवाफ दिन गतिलै दार्शनिकलाई त कठिन छ भने उनीबाट धेरै ठूलो आशा गर्नु जायज थिएन । उनले भने-हेर भाइ, साठी वर्ष नाघेपछि मानिस हरेक वर्षपछि बुढो देखिने रहेछ । सत्तरी कटेपछि हरेक महिना बुढ्यौली बढेजस्तो अनुभव हुनेरहेछ, असी नाघेपछि भने हरेक दिन मानिस कमजोर हुनेरहेछ बुढ्यैलीले च्याप्ने रहेछ । यो भनाइ उनलाई गरिएको प्रश्नको सही जवाफ थियो कि थिएनभन्दा पनि उनको भोगाइ थियो र अनुभूतिजन्य निष्कर्ष थियो । पृथ्वी राजमार्गमा गल्छी काटेर केही अगाडि गएपछि अम्लेश्वर महादेवको सानो धाम छ । भूतपूर्व सैनिक र स्थानीयहरूले संरक्षण गरेको त्यस धाममा सामूहिक तीर्थाटनको क्रममा केही घण्टा अल्मलिने अवस्था बन्यो । एकजना लामो दाह्री भएका मागिहाल्न पनि नसक्ने तर अभावले सताएका र दु:खले वृद्ध भएका व्यक्तिमा मेरो नजर पुग्यो । उनलाई म पनि नियालिरहेको थिएँ । उनी पनि हाम्रो समूहतिर आँखा घुमाइरहेका थिए । हाम्रो टोलीले खाना लगेर दियो, आफू स्वयं पाक गरेर खाने भएकाले खाना ग्रहण गर्न अस्वीकार गरे । दही चाहिँ खाइदिन्छु भनेर खाए । एकै छिन् गफिन मन लाग्यो । परिचय हुँदा उनी धादिङ जिल्लाको सल्यानटारमा जन्मेर १४ वर्षको उमेरमा सन्न्यास ग्रहण गरेका तिमिल्सिना थरका अघोर पन्थका अनुयायी रहेछन् । मन्दिर परिसरमा कुनै दाताले कुटी बनाइदिएको रहेछ । आश्रममा भोजन पाइने रहेछ । खाना र बस्नको प्रबन्ध भएपछि अन्य खर्चका लागि त्यहाँ आउने तीर्थयात्रीसँग उनको मनमा अपेक्षा हुँदो रहेछ । मैले कुराकानीको बीचमा उनलाई प्रश्न सोधेजस्तो नहुने गरी जीवनका बारेमा हल्का कुरा राखें । उनले भाग्य, प्रारब्धको कुरा गरे । मन बुझाउन र प्रश्नबाट उम्किन भाग्यवाद सजिलो तरिका हो । तपाईंले १४ वर्षमा सन्न्यासी बन्ने निर्णय नगरेको भए भाग्य पनि अर्कै हुन्थ्यो होला । तपाईंका निर्णयका अगाडि प्रारब्ध पनि परास्त बन्ने थियो होला । तपाईंको संसारबाट पलायन हुने निर्णय पो दोषी हो कि ? मैले कडै प्रश्न गरें । हुन त होला भनेर आफ्ना भाइ, भतिजा, नातेदार देशविदेशमा सम्पन्न अवस्थामा रहेको बेलिविस्तार लाउन थाले । उनको समय लिएको पारिश्रमिक बापत पाँच सय दिएर म बिदा भएँ । चर्चा गर्न खोजिएको विषय हो-जीवनमा गरिएका निर्णयहरूले आफू कस्तो बन्ने भन्ने अर्थ राख्छन् । कसैको उद्देश्य नै सीमित भयो भने त्यसभन्दा बढी उपलब्धि नहुन सक्छ । माथि चर्चा गरिएका अघोरपन्थीको हकमा यो लागू हुन्छ । उद्देश्य ठूलो राखेर कर्म गर्दै सही समयमा सही निर्णय गर्न सकियो भने परिणाम पक्कै राम्रो हुन्छ । आफूले प्राप्त गर्नै नसक्ने उद्देश्य राखेर दबाबमा बसिरह्यो भने त्यसले मनोरोगी बनाउन सक्दछ । कहिलेकाहिँ भावनामा बगेर आफूले सम्हाल्न नसक्ने काम गर्दा जीवन पीडादायी बन्न सक्दछ । यसको एउटा उदाहरण कलाकार धुर्मुस-सुन्तलीको दानदातव्यबाट चितवनमा क्रिकेट मैदान निर्माण गर्ने अभियान हो । काठमाडौं ओम अस्पतालमा चिकित्सकीय परामर्शमा जाँदा प्रतीक्षामा बस्ने क्रममा एकजनासँग गफिन मन लाग्यो । नजिकै बसेका भलाद्मी ज्येष्ठ नागरिकसँग मैले भनें-यहाँलाई चिने जस्तो लाग्यो । यो मैले बोल्ने मेसो गरेको थिएँ । काभ्रेका जन्मिएर सर्लाहीतिर बसोवास गर्ने कार्की थर (थर परिवर्तन) व्यक्ति हुनुहुँदोरहेछ । केही प्रश्नै नगरी भन्नुभयो-बुढेसकाल डरलाग्दो छ । आफ्नो जिउ चल्दैन, छोराबुहारीले साथ दिएनन् भने जिन्दगी चौपट छ । पत्नी बलियो हुनहुन्छ नि भन्ने मेरो प्रश्नको जवाफमा उन्ले भने-यिनी मभन्दा बढी रोगी छिन् । अर्को छोराले त हामीलाई नोकर बनाएर राखेको छ-उसका बालबच्चा हुर्काउँनका लागि । बुहारीको सहारामा हामी आएका छौं । बुढ्यौली डरलाग्दो छ भन्ने उनको भोगाइ थियो । आफ्ना छोरीछोरीको जीविका यापनका लागि गर्नुपर्ने भागदौड, प्रतिस्पर्धा, संघर्षको कारण बुढापाकाले यथोचित स्याहार पाइरहेका छैनन् । नेपालमा वृद्धाश्रममा बस्न आर्थिक-सामाजिक अवस्थाको कारण सहज छैन । पुस्तान्तरणपछिका प्राथमिकता फरक पर्ने भएका कारण पनि नेपाली समाजमा बुढ्यौली समस्याग्रस्त बन्दैछ । माया पनि पानी जस्तै रहेछ, ओरालो बग्ने । पछिल्लो पुस्तामा सर्दै जानेरहेछ माया । माया पनि भन्दो हो-उकालो जाने कष्ट किन गर्नु, ओरालो जानै सहज छ । बैंसमा आफू जस्तै समवयीसँग तेर्छो हिँड्नसम्म मन पराउछ, उकालो चाहिँ पन्छाउन खोज्छ यो माया । जति धेरै पुस्तान्तरण भयो उति उकालो हिँड्न कठिन छ यो माया भनिने अपरिभाषितालाई । यो माया नेपाली ज्येष्ठ नागकिकबाट टाढिन खोज्दैछ भन्ने उदाहरणमाथि उल्लेख गरिएका ज्येष्ठ नागरिक हुन् । जीवन के हो ? वैज्ञानिक परिभाषा भन्छ-जीवन जन्म र मृत्युबीचको यस्तो अवस्था हो, जसमा चेतना पस्नु, बढ्नु, निनापसरचय (मेटावोलिज्म) को अवस्था, दु:ख र खुशीको अनुभव गर्नु हो । यसमा शरीरको सन्तुलन, कोशिकाहरू बन्ने अवस्था, वृद्धि, अनुकूलन, प्रजनन् आदि पर्दछ । एउटा रूखको बीजांकुरित भएर फल दिनसक्ने अवस्था हो-जीवन । सारांशमा, हरेक जीवित प्राणीमात्र हुने जैविक प्रक्रिया जीवन हो र यो एउटा गहिरो व्यक्तिगत अनुभव पनि हो, जुन हरेक व्यक्तिमा अलग हुनसक्दछ । उपनिषद् भन्छ-चरैवेति, चरैवेति अर्थात् चल्तीका नाम जिन्दगी, हिँडिराख्नु अथवा गतिशील हुनु जीवन हो । जीवन, जन्मदेखि मृत्युसम्मको यात्रा हो, यो यात्रामा हामी सिक्छौं, अनुभव गर्छौं र सुखी र खुशी हुने प्रयत्न गर्छौं । सुखी र खुशीमा पनि फरक छ नि-सुख धनबाट प्राप्त गर्न सकिन्छ, धन भएरमात्र खुशी हुन सकिँदैन । अझ धनले मानसिक तनाव बढाएर जीवन निरर्थक बन्न सक्दछ । जन्मदा नाम नहुने जीवन हुने र मृत्युपछि नाम हुने जीवन नहुने अवस्थाबीचको यात्रा र भोगाइ जीवन हो भनिन्छ । जन्म र मृत्युबीचको अवधिमा आइपर्ने विभिन्न आरोहअवरोहलाई संयमपूर्वक पार लगाउँदै, सुखमा नमात्तिने र दु:खमा नआत्तिने व्यवहारबाट जीवनको रथलाई अघि बढाउँदै काम, क्रोध लोभ, मोह सीमित गर्न सकिएको खुशीको अवस्था जीवन हो । यो अवस्थामा परोपकार, जीवहरूप्रति समानुभूति, दया, करुणा जस्ता भाइ प्रकट हुन्छन् ।

**जीवनको उद्देश्य :** यसको चर्चा गर्दा हामी महाकवि देवकोटालाई बिर्सन सक्दैनौं । उद्देश्य ठूलो नै लिनुपर्दछ तर प्राप्त गर्नै नसकिने असम्भव होइन । विज्ञानले अन्तरिक्षमा बस्ती बसाउने तयारी गरिरहेको छ । चन्द्र ।मालाई छुनेमात्र होइन भोग गर्ने अवस्थामा वैज्ञानिक खोज पुगेको छ । जीवनका उद्देश्यको बारेमा चर्चा गर्दा पूर्वीय दर्शन फरक छ । 'ब्रह्म सत्यं जगन्मिथ्या' भन्दै परमात्माको खोजमा लाग्ने, परमात्मा प्राप्ति गर्ने अनुभूत गर्ने र मोक्ष प्राप्त गर्नु जीवनको लक्ष भनेको पाइन्छ । भगवान् श्रीकृष्णले 'मामेकं शरणं व्रज' भन्नुभएको छ । सबै पन्थका अनुयायीहरूले आफूले लिएको आस्थाको भगवानको भक्ति र अनुभूतिलाई जीवनको लक्ष भन्ने गर्छन् । अर्को पक्ष छ-यति राम्रो संसार छ, अमूर्त ब्रह्मको पछि को लागोस् भन्ने । जगत्सत्यं ब्रह्म मिथ्या भन्न रुचाउने व्यवहारवादीहरूको संख्या दुनियाँमा बढ्दो छ । अधिकांश मानिसहरू यो जगत्मा भएका, देखिएका सुख, सुविधा र खुशी प्राप्त गर्न लालायित छन् । जीवनको उद्देश्यलाई आर्थिक सामाजिक अवस्थाले पनि सीमांकन गरिदिने रहेछ । बिहान उठेदेखि बेलुका रात झमक्क नभएसम्म परिश्रम नगरी हात मुख जोड्न नपुग्नेका लागि जीवनको उद्देश्य दुई छाक खानाको जोहो गर्नु नै हुने भयो । आर्थिक अवस्था केही राम्रो भएकाहरूका लागि अरू सुख सुविधा प्राप्तिका लागि लक्ष निर्धारण हुने भए । आर्थिक रूपमा सम्पन्नका लागि फरक किसिमका ठूला उद्देश्य हुने भए । समाजको सोच, प्रवृत्ति, देखासिकी, मानसिक अवस्थाले पनि मानिसका फरक उद्देश्य हुने भए । दार्शनिक ओसोका अनुसार जीवन आफैंमा एक यात्रा र उत्सव हो । जसको लक्ष आत्मज्ञान प्राप्त गर्नु हो । हरपल सजगता र आनन्दसँग बाँच्नु, प्रेम र करुणाको अनुभव गर्नु हो । ओशोको भनाइ बढी व्यवहारवादी छ । आजका सबै मानिसहरू जीवनलाई उत्सव बनाउँन दौडधूप गरिरहेका छन् । जसले सुख पाएर खुशी छन्, उनीहरूको उद्देश्य सार्थक भएको होला, जोसँग सुखमात्र छ, ऊ खुशी नहुन सक्छ । यस संसारलाई सुन्दर बनाउन 'परोपकार पुण्याय पापाय परपीडनम्' भन्ने हिन्दु दर्शनलाई व्यवहारमा उतार्न सकेको अवस्थामा जीवनको उद्देश्य सार्थक हुनसक्दछ । जीवनमा आफ्ना लागि सबैले छिनाझप्टी गरेकै छन्, गर्नु परेकै छ । यो संकीर्ण सामान्य अवस्थाबाट मुक्त भएर आफूभन्दा कमजोरहरूको उपचारमा काम गर्नु जीवनको उद्देश्य हुनुपर्दछ । यसो भएको अवस्थामा हामी सुन्दर विश्व व्यवस्थाको कल्पना गर्न सक्दछौं । मरेर पनि बाँच्ने उद्देश्य राख्न सकियो भने केही कीर्ति राख्ने चाहना बन्न सक्दछ । कीर्ति भन्नुको अर्थ-असल काम हो । सत्कर्म हो । जसलाई मृत्युपछि पनि मानिसले सम्झिरहून् । किनभने 'काकोँ पि जीवति चिराय वलिंच भुंते' ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : गरेका कामको लाभ उठाउन नसकिएला। नयाँ काममा जुट्न नसकिएला। | **तुला** : प्रयत्न गर्दा राम्रै प्रतिफल प्राप्त हुनेछ। कलाको क्षेत्रमा सफलता प्राप्त हुनेछ। |
| **वृष** : दाम्पत्य जीवन सुमधुर रहनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ। | **वृश्चिक** : रोकिएको काम पुन प्रारम्भ हुनेछ। प्रतिस्पर्धामा जित दिलाउनेछ। |
| **मिथुन** : आर्थिक पक्षलाई लिएर चिन्ता रहनेछ। व्यवहारलाई संयमित राख्नुहोला। | **धनु** : काम बिग्रिनाले मन चिन्तित र हनेछ। व्यायाममा ध्यान दिनुहोस्। |
| **कर्कट** : अध्यापनमा उत्साह दिलाउनेछ। समाजमा मानसम्मानमा वृद्धि हुनेछ। | **मकर** : आर्थिक पक्षमा सबलता आउनेछ। सन्तानको मन प्रशन्न रहनेछ। |
| **सिंह** : भनेजस्तो सहयोग प्राप्त नहोला। भूमि वा पशुधनबाट लाभार्जन गर्न सकिनेछ। | **कुम्भ** : व्यवसायमा लाभ रहनेछ। उच्च पदस्थ व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। |
| **कन्या** : योजनाहरू कोरिनेछन्। साथीभाइहरूसँग असमझदारी बढ्नेछ। | **मीन** : आथित्यपूर्ण सम्मान प्राप्त हुनेछ। मठ मन्दिरमा भ्रमणका योग छन्। |

# साहित्य दर्पण

हास्यव्यङ्ग्य — गायत्री लम्साल

## हाकिमको सत्ता

**सबै हाकिमको उस्तै हुन्छ कसरी चिन्नु ? टाउको निकै साऱ्हो, खुट्टामा सबैको पाँच वटै औँला उस्तै -उस्तै । अरु जे-जे सुकै भए तापनि हाकिमको सत्तालाई खोट लगाउने ठाउँ भने पटक्कै छैन है । सबे हाकिमहरु बहुमुखी प्रतिभाका धनी छन् । मुलुकलाई त बसी-बसी जादुगरको हातको छडीले जादु देखाएजस्तै देखाइदिन्छन् । व्यक्ति व्यक्तिका समय तालीका अनुसार यहाँ हरेकका सत्ता पत्तासाफ भए तापनि हाकिमको सत्ता भने एक इन्च तल नझरीकन चलेको छ । देशको गरिबीको संख्या नघटेर चिन्ता नमान्नुहोस् महासय सबै हाकिमका घर/परिवारको गरिबी निवारण समेत भैसकेको छ । एउटा किङ मात्र भएर हो देशले विकास भन्ने कुरो देख्न नपाएको ।**

राजतन्त्रका किङ फालेर चिन्ता पटक्कै गर्नुपर्दैर्न महाशय गणतन्त्रका हाकिम भएपछि सबै कामकुराको विकास मात्र होइन देख्न, छुन, हेर्न नमिल्ने अमूल्य वस्तुहरु समेत सजिलै निकास हुन्छ हजुर । हा....कि....म शब्द नै काफी छ क्या । जुन लिङ्गको भए तापनि यिनीहरु सबैको साझा विशेषता सेम माने उस्तै हुन्छ । नेपालको संविधानलाई कानुनले बरु फरक-फरक व्याख्या गर्न मिल्छ तर यो हाकिम भन्ने उच्चकोटीको मनुवाको काम र आचारसंहिता भन्ने कुरो कसैले फरक पार्न मिल्दै-मिल्दैन । प्राकृतिक न्यायको सिद्धान्तसँग समाहित भएर मस्तसँग मज्जाले रहन्छ । वा ! कति धेरै हुन् हाकिम भन्नै गाऱ्हो बाबै गन्नै गाह्रो । सरकारी हाकिम, सहकारी हाकिम, दलका हाकिम, बलका हाकिम, एनजिओका हाकिम, आइएनजिओका हाकिम, निजीका हाकिम, बिजीका हाकिम, विभिन्न पसलका हाकिम, विभिन्न फसलका हाकिम, घरका हाकिम, वनका हाकिम, आयातका हाकिम, निर्यातका हाकिम, राजनीतिका हाकिम, लाजनीतिका हाकिम, समाजसेवी हाकिम, दलालसेवी हाकिम..........यता हेऱ्यो हाकिम, उता हेऱ्यो हाकिम, यत्रतत्र सर्वत्र जताततै हाकिम नै हाकिम । हजुरहरुलाई थाहा छ कि छैन कुन्नि ? चालिस वर्षमा वृद्ध भत्ता खान पाउँदा मख्ख नपर्नेहरु समेत हाकिमको सत्ता खान पाएपछि मस्तसँग मख्ख पर्छन् । परापूर्व कालदेखि भविष्य पश्चिम कालसम्म सबै काल फालेर, धेरै तन्त्रको राँको बालेर ल्याएको जनप्रिय, लोकतान्त्रिक, समाजवाद उन्मुख, आर्थिक समृद्धि सहितको चुरो कुरो भनेको हाकिमको सत्ता नै हो । यदि कोही कसैले होइन भन्नुहुन्छ भने आउनुहोस् चुनावमा जाऔँ सेवाग्राही भन्दा हाकिम बढी भएको हाम्रो मुलुकमा तपाइँ अल्पमतमा पर्ने कुरो कुनै बोकुवा नराखी मैले ठोकुवा गरेँ है त । सत्ता हुनु यस्तो पो हुनु, हाकिमको सत्तालाई दलगणका धुपौरेहरुले कसरी छुनु ? टाउकोमा छुन खोज्दा खुट्टा देखाइदिन्छन्, अनि खुट्टामा छुन खोज्दा टाउको । सबै हाकिमको उस्तै हुन्छ कसरी चिन्नु ? टाउको निकै साऱ्हो, खुट्टामा सबैको पाँच वटै औँला उस्तै -उस्तै । अरु जे-जे सुकै भए तापनि हाकिमको सत्तालाई खोट लगाउने ठाउँ भने पटक्कै छैन है । सबे हाकिमहरु बहुमुखी प्रतिभाका धनी छन् । मुलुकलाई त बसी-बसी जादुगरको हातको छडीले जादु देखाएजस्तै देखाइदिन्छन् ।

नेताका हाकीमले एकैछिनमा स्वीजरल्याण्ड, सिँगापुर बनाउँदै भाषण गरिरहँदा त्यसपछिको भाषण ग्रहण र आसन ग्रहण सकिएर समापनको बेलामा त उही झिँगापुर र धूलोपुर मात्रै । त्यस्तै सडकमा हाकिमले नदी, खोला नभएको ठाउँमा पुल बनाउनु, वनका हाकिमले चोरीनिकासी बन्द गर्नलाई जंगलभित्र सिसी टि.भी. राख्दा समेत त्यसले तस्करको फोटो नखिच्नु, सहकारीको हाकिमको न्वारन नै साहुकारी हुनु, चिया बजारीबाट शुरु भएका निजी बजारीका हाकिमहरु बालाबजारीमा छलाङ् मार्नु, काला कोटधारी हाकिमहरुले न्याय किनवेच बजारको विस्तार गर्नु, सरोकारवाला अङ्गाका हाकीमहरुले खानेकुरा मात्र होइन अखाद्य बस्तु समेत खानु, एनजिओ र आइएनजिओका हाकिमहरुले देश, काल, परिस्थिति अनुसार अलिकति बाँकी रहेको देश खानु, भेष खानु, रीति खानु थिति खानुलाई द्रुत गतिको विकास भनिएन भने हामीलाई पाप लाग्छ है । व्यक्ति व्यक्तिका समय तालीका अनुसार यहाँ हरेकका सत्ता पत्तासाफ भए तापनि हाकिमको सत्ता भने एक इन्च तल नझरीकन चलेको छ । देशको गरिबीको संख्या नघटेर चिन्ता नमान्नुहोस् महासय सबै हाकिमका घर/परिवारको गरिबी निवारण समेत भैसकेको छ । एउटा किङ मात्र भएर हो देशले विकास भन्ने कुरो देख्न नपाएको । अहिले त तीन करोडमा दुई करोड त हाकीम र भू.पू. हाकिम नै पुग्न आँटेका छन् भने अब त देशको विकास मात्रै होइन विकासको बाबु, हजुरबाबु हुँदै एघार पुस्ता अगाडि सम्मका सबै देख्न पाइन्छ । खै मेरा आँखामा के भाको हो कुन्नि ? पावर भन्ने कुरो थपे पनि नथपे तापनि जताततै हाकिम मात्रै देख्छु भन्या । उसको हाकिम ऊ,उसको हाकिम ऊ, उसको हाकिम ऊ लाष्टमा कसको हाकिम को चिन्नै गाऱ्हो । मलाई हाकिम मान्ने मेरै सोझो मोरोले अलिकति हाकिम चिन्ने, हाकिम किन्ने फरमुला सिकाइदियो र पो नत्रभने त कतिबेला आफू हाकिम भइयो भन्ने पत्तोफाँट नै नहुने क्या । अनि नि निकै काइदाको कुरो नी हाकिमको सत्ता भनेपछि अरु कसैको नभएर हाकिम कै सत्ता हो है । यसमा महिला, पुरुष, नाम, थर, पेशा, व्यवसाय, वर्ग, धर्म, सबै फरक-फरक भए तापनि सबै हाकिमको सत्ता भनेको बराबरी हो । अहिलेको डिजीटल किलोमा मात्र होइन, बाजेका पालाको धार्नी जोख्ने तुलोमा जोखे पनि केही फरक पर्दैन । जतिसुकै पढेका, राम्रा-राम्रा बानिव्यहोरामा सडेका व्यक्तिहरु समेत हाकिम भएपछि सबैको आनिबानी र खानेकुरो उस्तै हुन्छ । जति खाए पनि नअघाउने कला, सबैभन्दा आफूलाई उत्कृष्ट मान्ने सर्वौत्कृष्ट ज्ञान, बुद्धि र विवेकलाई सलाम गर्दा हाकिम हुन आतुर हुनेहरुलाई पटक्कै घाटा भन्ने कुरो हुँदैहुन्न है । संघीयताको विस्तारवादसँगै केन्द्र, प्रदेश र स्थानीयमा पुऱ्याउँदा समेत सबैलाई फिट भएको सत्ता भनेको हाकिमको सत्ता नै हो । आफ्नै आत्मालाई साक्षी राखेर सोचौँ त - हाकिम भन्ने जिनीश जतिसुकै लुरो र लुरी भए तापनि उनीहरुको नजर बिक्ने भनेको आफूमा ठोकिन आउने शुरो र शुरीमा नै हो ।

हाकिमको सत्तामा मनलाई कैद गर्ने ठाउँ भनेको सत्ता, शक्ति, सुन्दर र सुन्दरी मै हो । हाम्रै बाबा-आमाको पालामा बन्द खामभित्र चिठ्ठी हुन्थ्यो । आजभोलि हाकिमलाई प्राप्त हुने बन्द खामभित्र त बाघ र हात्ती मज्जाले कोचिएर बस्छन् । कहिलेकाहीँ हो, बन्द खामभित्रका बाघर र हात्तिले हाकिमलाई आक्रमण गर्ने, त्यही पनि ठूलो संख्यामा रहेछन् भने त मिलापत्र गर्न सिंगापुर र स्विजरल्याण्डतिर उड्छन् । जे होस्, हामी सबै नेपालीहरुलाई सधैँभरि फिट हुने र जसलाई चाहिन्छ उसैलाई तुरुन्तै सिट हुने सत्ता भनेको हाकिमको सत्ता हो भन्नलाई कसैले भत्ता लिनु पर्दैन । नेपाली भएको नाताले नेपाललाई विर्सेर केही माने उही हुँदैन तर हाकिमलाई बिर्स्यौँ भने लाग्न मिल्ने जति कुरोले पिछा गर्दै साढे सातको लातले समेत झ्याप्पै समाउँछ । त्यसैले आउनुहोस्, जहिले, जहाँ, जसरी हुन्छ हाकिमको सत्तामा हाजिर भएर देशलाई विकास मात्र होइन छिमेकीतिर निकास गर्नको लागि एकजुट भएर लागि परौँ । संघीयताको सबलीकरण भन्दै हाकिमको सत्तालाई आन्तरिकिकरण गरौँ । रात रहे अग्राख त पलाउँछ भन्छन् । दिन पनि रहेपछि हाकिमको सत्ताको साझेदार कसो नभएला र ?

*-समकालीन साहित्य डटकम*

---

# तानसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तानसेन, पाल्पा
### लुम्बिनी प्रदेश, नेपाल

## रिडी मेला २०८२ सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ७ दिने सूचना

*दोश्रो पटक प्रकाशित मिति : २०८२/०९/०४*

तानसेन नगरपालिकाको आन्तरिक आय तथा (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ को दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. १४ मा पर्ने हृषिकेश मन्दिर तथा कालीगण्डकी तटको निर्धारित क्षेत्र भित्र माघेसक्रान्ती मेला सञ्चालन तथा व्यवस्थापन गर्न चाहने नगरपालिकामा सुचिकृत मु.अ.कर र आयकर दर्ताको प्रमाणपत्र प्राप्त इच्छुक संघ संस्था/फर्म/कम्पनीको लागि ७ दिनको म्याद राखि दोश्रो पटक यो सुचना प्रकाशन गरिएको छ । योग्य, इच्छुक संघ संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पुर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध छ ।

| आय ठेक्का नं. | ठेक्का बिवरण | न्यूनतम ठेक्का अंक म्याट बाहेक | फाराम दस्तुर | फाराम बिक्री हुने अन्तिम मिति र स्थान | फाराम पेश गर्नु पर्ने अन्तिम मिति, समय र स्थान | फाराम खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| ER/04/2083/83 | पाल्पा जिल्ला तर्फको रिडिखोला कालीगण्डकी तटमा माघेसक्रान्ति मेला २०८२ सञ्चालन तथा व्यवस्थापन | ६००००० छ लाख मात्र | १,००० | २०८२।०९।०९ गते कार्यालय समय भित्र तानसेन नगरपालिकाको कार्यालय | २०८२।०९।१० गते दिनको १२ बजे भित्र तानसेन नगरपालिकाको कार्यालय | २०८२।०९।१० गते दिनको २ बजे तानसेन नगरपालिकाको कार्यालय |

**शर्तहरु:-**

१. दरभाउपत्र खरिदका लागि यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको तानसेन नगरपालिका कार्यालय कोड नम्बर ८०१०५५००१ खाताको नाम : **TANSEN NA.PA.(GA–1–1)–AANTARIK RAJS** खाता नम्बर ३०३०१००३०१०१०००४ मा राजस्व शीर्षक १४२२९ मा जम्मा गरी वा पालिकाबाट राजस्व जम्मा गरि फिर्ता नहुने गरी शिलवन्दी प्रस्ताव खरिद गर्नुपर्ने छ ।

२.फर्मको स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८२/८३ को मान्य अवधि भएको नविकरण इजातजत पत्रको प्रतिलिपि, मुल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि र आर्थिक वर्ष २०८१/८२ को करचुक्ता प्रमाणपत्र (म्याद थप) को प्रतिलिपि सहित शिलवन्दी दरभाउपत्र सहित पेश गर्नु पर्नेछ ।

३.दरभाउपत्र पेश गर्दा कानूनी रुपमा भाग लिन पाउने सहितको स्वयं घोषणा पत्र वा अधिकार प्रत्यायोजनको पत्र समावेश हुनु पर्नेछ ।

४.दरभाउपत्र प्रस्तावसाथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत रकम धरौटी वापत यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको धरौटी खाता नं ३०३०१००३०३००००४ GA३ मा जम्मा भएको सक्कलै भौचर पेश गर्नु पुर्नेछ ।

५.ठेक्का सम्बन्धी कुनै दस्तुर नेपाल सरकारलाई बुझाउनु परे ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

६.दरभाउपत्र खोल्ने दिन दरभाउपत्र दाता वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ, उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७.ठेक्का बक्यौता भएका व्यक्तिले दरभाउ पत्र पेश गर्न पाउने छैन ।

८.मेला सञ्चालन गर्दा हृषीकेश मन्दिर प्रवेशद्वार वरिपरि रहेका कुनै पनि संरचनाहरु भत्काउन/नास गर्न पाइने छैन।

९.मेला सञ्चालन पश्चात रिडिखोला तथा कालीगण्डकी नदी तटको पूर्ण सरसफाई गर्नुपर्नेछ ।

१०.मेलामा हुने शान्ति सुरक्षा लगायत अन्य प्रशासनिक विद्युत, पानी, सरसफाई खर्चहरु ठेकेदार आफैले व्होर्नु पर्नेछ ।

११.ठेक्का वापतको रकम एकमुष्ठ अग्रीम बुझाउनु पर्नेछ ।

१२.मेला सञ्चालन दौरानमा हृषिकेश मन्दिर प्रवेशद्वार अगाडिको मैदानमा रहेका कुनै पनि संरचनाको टुटफुट हानी नोक्सानी भएमा त्यसको मर्मतको जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

१३.म्याद नाघि आएको दरभाउपत्रहरुलाई समावेश गरिने छैन ।

१४.ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहने छ ।

१५.उच्च जोखिमयुक्त खेल संचालन गर्न, प्रचलित कानूनले निषेध गरिएका कार्य तथा गतिविधि गर्न पाइने छैन ।

१६.स्वीकृत ठेकेदारले आफूले कबोल गरेको ठेक्का अंक बराबरको रकम तानसेन नगरपालिका कायर्यालयमा आई नगदी रसिद काटी वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको तानसेन नगरपालिकाको TANSEN NA.PA.(GA–1–1)–AANTARIK RAJS खाता नम्बर ३०३०१००३०१०१०००४ मा खातामा जम्मा गरेको सक्कल रसिद वा भौचर पेश गरेपछि मात्र ठेक्का सञ्चालनको इजाजत दिइने छ । सो नबुझाएमा ठेक्का धरौटी वापतको रकम जफत गरी ऐन नियम बमोजिम हुनेछ ।

१७.मेलामा उठाइने पार्किङ शुल्क यस नगपालिकाको आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेटमा तोकेको दररेट बमोजिम तथा वहाल विरौटी शुल्क अधिकतम रु.१२००० मात्र संकलन गर्न पाईने छ ।

१८.माथि उल्लेखित वाहेकका विषयमा प्रचलित कानून वा नगरपालिकाको निर्णय अनुसार हुने छ ।

१९. मेला अवधिमा स्थानीय कृषक/उद्यमीहरुबाट उत्पादित विभिन्न कृषि/पशुजन्य तथा अन्य उत्पादन प्रदर्शनीको रुपमा राख्ने भएमा त्यसको लागि आवश्यक स्थान/स्टल नि:शुल्क उपलब्ध गराउनुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ज्यान गुमाएका श्रमिकहरूको सम्झनामा दीप प्रज्ज्वलन



**कृष्ण पोखरेल**

**पाल्पा,** पुस ४/वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका श्रमिकहरूको सम्झनामा तानसेनमा दीप प्रज्ज्वलन गरिएको छ । अन्तर्राष्ट्रिय आप्रवासन दिवसको अवसरमा तानसेन टुँडिखेलमा दीप प्रज्वलन गरिएको हो ।

"श्रम आप्रवासनका क्रममा सुशासन, सुरक्षित, मर्यादित र सिपमूलक आप्रवासन" भन्ने मूल नारासहित तानसेन नगरपालिका सामी कार्यक्रमको आयोजनामा गरिएको कार्यक्रममा वैदेशिक रोजगारीमा ज्यान गुमाएका श्रमिक प्रति श्रद्धाञ्जली अर्पण गरिएको छ । सम्पन्न दीपप्रज्वलन कार्यक्रममा वैदेशिक रोजगारीमा ज्यान गुमाएका श्रमिक प्रति श्रद्धाञ्जली अर्पण गर्दै सहभागीहरूले दीपप्रज्वलन गरेका थिए । कार्यक्रममा बोल्दै तानसेन नगरपालिकाकी कार्यवाहक प्रमुख प्रतिक्षा गाहा सिंजालीले वैदेशिक रोजगारी नेपाली युवाको बाध्यता बनेको उल्लेख गर्दै त्यसलाई सुरक्षित, मर्यादित र सिपमूलक बनाउनु आजको आवश्यकता भएको बताईन् । बैदेशिक रोजगारीका क्रममा असुरक्षित यात्रा, ठगी, श्रम शोषण र अकालमै ज्यानगुमाउने घटनाहरू दु:खद् भएको अबको आप्रवासन सुशासनमा आधारित, सिपसँग जोडिएको र श्रमिकको हकहित सुनिश्चित हुने खालको हुनुपर्ने नगर उपप्रमुख सिंजालीले जोड दिईन् । तानसेन नगरपालिका सामी कार्यक्रमका संयोजक दिनेश घिमिरेले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सही सूचना, सीप र कानुनी प्रक्रियाको जानकारी दिन सामी कार्यक्रमले निरन्तर काम गरिरहेको जानकारी दिए । सामी कार्यक्रममार्फत तानसेन नगरपालिकाभित्र सुरक्षित आप्रवासन, ठगी न्यूनीकरण र श्रमिकको अधिकार संरक्षणका लागि सचेतनामूलक गतिविधि सञ्चालन हुँदै आएको कार्यक्रम संयोजक घिमिरेले बताए । तानसेन नगरपालिकाले जिल्ला प्रशासनमा राहदानी बनाउन आउने सबै नागरिकहरुलाई अनिवार्य परामर्श सेवा प्रदान गर्दै आएको उनले बताए । दीप प्रज्वलन कार्यक्रममा तानसेन नगरपालिकाको रोजगार शाखा, सामी कार्यक्रमका प्रतिनिधि, जनप्रतिनिधि, कर्मचारी, सामाजिक संघसंस्थाका प्रतिनिधि तथा सर्वसाधारणको उल्लेख्यीय उपस्थिति रहेको थियो । सहभागीहरूले वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका श्रमिक प्रति श्रद्धाञ्जली अर्पण गर्दै अब यस्ता दु:खद् घटनाहरू दोहोरिन नदिन सबै पक्ष गम्भीर हुनुपर्नेमा जोड दिएका थिए । कार्यक्रमले वैदेशिक रोजगारीलाई अन्तिम विकल्पका रूपमा हेर्दै स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्नुपर्ने, जाने अवस्थामा पनि सुरक्षित र मर्यादित बाटो अपनाउनु पर्ने विषयमा सामी कार्यक्रमले जोड दिदै सचेतनाका कार्यक्रमलाई नियमित रुपमा सञ्चालन गर्दै आएको छ ।

## कोदो, मकै फल्ने...

...नयाँ बोट फल्नेक्रममा रहेकाले आगामी वर्षमा उत्पादन र आम्दानी सँगसँगै वृद्धि हुँदै जाने उनले बताए । उनको बगैँचामा स्थानीय जातका सुन्तला र धनकुटाबाट ल्याएर लगाएका 'खोकु' जातका सुन्तलाका बोटहरु छन् । "यहाँ उत्पादन भएको सुन्तलाको बजारीकरणमा कुनै पनि समस्या छैन" उनले भने, "उत्पादन हुनुपर्‍यो स्थानीय तथा पोखरालगायतका ठाउँका व्यापारी बगैँचामै आउने गरेका छन् ।" किसानले सुन्तलाको बोट नै वा फुटकरमा दुबै तरिकाले सुन्तला बिक्री गर्ने गरेका छन् । बारीमा निर्वाहमुखी रूपमा उत्पादन हुने कोदो तथा मकैले गुजारा चलाउँदै आएका स्थानीय कोदो तथा मकैको विकल्पका रूपमा गरिएको सुन्तलाबाट राम्रो आम्दानी हुन थालेपछि पछिल्लो समय सुन्तला खेतीतर्फ आकर्षित हुँदै गईरहेका छन् । "बुवाले सुरुमा परीक्षणका रूपमा २५ वटा बोट लगाएका थिए, केही वर्ष राम्रो फल्यो अनि बिस्तारै बोट मर्दै गए" उनले भने, "पहिला लगाएका बोटहरु मरेपछि फेरी मैले गोरखाबाट कलमी बेर्ना ल्याएर लगाएँ त्यो पनि पाँच-छ वर्षमै बोटहरु मरे, २८७ वटा बोट जरैदेखि फालिदिएँ ।" सुन्तला कृषक सेनले जस्तै ठूलाडिहीका ३१ घर परिवार व्यावसायिक सुन्तला खेतीमा लागेका छन् । प्रत्येक घरले एकदेखि १५ लाखसम्म सुन्तला बिक्रीबाट आम्दानी गर्दै आइरहेका छन् । सुन्तलामा पटक-पटक असफल हुँदै गर्दा पनि हरेस नखाइ निरन्तर रूपमा अगाडि बढेका सेनले कृषि प्राविधिकको सल्लाह बमोजिम बेर्ना तथा अन्य सरसल्लाहअनुसार पुन: सुन्तला खेती गरेका थिए ।

*--- रासस*

## लुम्बिनीमा बजेट...

...स्थानीय तह निकासातर्फ चालु शीर्षकअन्तर्गत ३१ दशमलव ०४ प्रतिशत बजेट खर्च भएको छ । स्थानीय तहमा जाने बजेट चालु शीर्षकअन्तर्गत जाने गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ११ दशमलव ६४, आर्थिक मामिला मन्त्रालयको १४ दशमलव ०८, उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको ८ दशमलव १६, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ६ दशमलव २७, कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको १४ दशमलव ८० प्रतिशत बजेट खर्च भएको प्रतिवेदनमा उल्लेख छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयको ५ दशमलव ७१, वन तथा वातावरण मन्त्रालयको १३ दशमलव ६८, भौतिक पूर्वाधार विकास मन्त्रालयको ११ दशमलव ९९, युवा तथा खेलकुद मन्त्रालयको ५ दशमलव २०, सहकारी विकास तथा खानेपानी मन्त्रालयको १० दशमलव ८०, सामाजिक विकास मन्त्रालयको ५ दशमलव २४, स्वास्थ्य मन्त्रालयको ३७ दशमलव २८ प्रतिशत बजेट खर्च भएको छ । प्रदेश सरकारले पुरानो परिपाटी अनुसार वर्षको अन्त्यमा खर्च मिलाउने तरिका परिवर्तन गर्न सकेको छैन् । संघीय सरकारले पटक-पटक ताकेता गर्दा पनि बजेट खर्च हुन सकेको छैन । यो खर्च अघिल्लो वर्षको तिर्नुपर्ने दायित्व सहितको हो । बजेट खर्च गर्न नसक्नुमा कर्मचारीको छिटो-छिटो सरुवा, तदारुकता नदेखाउने प्रवृत्ति, निर्माण सामग्रीको अभाव तथा नागरिकको अपेक्षाभन्दा फरक ढंगबाट योजना तर्जुमा भएकोले पनि समस्या देखिएको हो ।

**खेलकुद समाचार**

## एएफसीले एन्फालाई २ हजार डलर जरिवाना गर्‍यो

**काठमाडौं,** पुस ४/एशियाली फुटबल महासै (एएफसी) ले अखिल नेपाल फुटबल सै (एन्फा) लाई २ हजार अमेरिकी डलर जरिवाना गरेको छ । एशिया कप छनोट तेस्रो चरण अन्तर्गत मलेशियासँगको खेलमा नेपाली खेलाडीहरू मैदानमा ढिला प्रवेश गरेको भन्दै एएफसीको डिसिप्लिनरी तथा इथिक्स कमिटीले एन्फालाई जरिवाना गरेको हो । कमिटीको यही डिसेम्बर १५ मा बसेको बैठकको निर्णय अनुसार मलेशियासँगको खेलमा नेपाल पहिलो हाफमा १ मिनेट २० सेकेन्ड र दोस्रो हाफमा १ मिनेट ३० सेकेन्ड ढिला गरी मैदानमा प्रवेश गरेको थियो । यस्तै यो खेलमा मलेशियाका खेलाडीहरू पनि मैदानमा ढिला प्रवेश गरेको भन्दै एएफसीले मलेशिया फुटबल सैलाई २ हजार ५ सय डलर जरिवाना गरेको छ । यसैगरी मलेशियाले खेलपछिको पत्रकार सम्मेलनमा प्लेअर अफ द म्याच बनेका मोहम्मद फैसल बिन अब्दुल हलिमलाई उपस्थित नगराएको भन्दै मलेशिया फुटबल सै र आग्रह गर्दा पनि सहभागी नभएको भन्दै हलिमलाई १०/१० हजार डलर जरिवाना तोकेको छ । एएफसीले निर्णय भएको ३० दिनभित्र जरिवाना तिर्नुपर्ने उल्लेख गरेको छ । गएको नोभेम्बर १८ मा मलेशियामा भएको यो खेलमा नेपाल १-० ले पराजित भएको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

**अर्थ/कर्पोरेट समाचार**

## कुमारी बैंकले ल्यायो ग्रिन हायर पर्चेज कर्जा

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**पाल्पा,** पुस ४/कुमारी बैंकले आफ्नो ग्राहकहरुको सेवालाई मध्यनजर गर्दै नयाँ योजना ल्याएको छ । बैंकले ग्राहक वर्गका लागि ग्रिन हायर पर्चेज कर्जा योजना ल्याएको हो ।

सस्टेनेबल इलेक्ट्रिक ट्रान्सपोर्ट नेपाल परियोजना अर्न्तगत साझेदारी गर्दै यो योजना सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ । यस योजना अन्तर्गत सार्वजनिक यातायात सेवा प्रवाहमा आवद्ध व्यक्तिहरूले विद्युतीय बस तथा माइक्रो बस खरिद गर्न बैंकबाट कर्जा लिँदा, आकर्षक ब्याजदरमा कर्जा सुविधा प्राप्त गर्नुका साथै ऋणीले भुक्तानी गर्नु पर्ने सुरुवाती रकममा परियोजनाबाट निर्धारित अनुदान पाउने छन् । त्यसैगरी वर्तमान समयमा इन्धनमा आधारित सार्वजनिक सवारी साधनहरू सञ्चालन गरिरहेका व्यक्तिले आफ्ना सवारीसाधनलाई विद्युतीय बस तथा माइक्रो बसमा बदल्नका लागि कर्जा लिन चाहेमा समेत थप अनुदान प्राप्त गर्न सक्ने बैंकले जनाएको छ । यसका लागि ऋणीहरूले परियोजनामा आवद्ध सवारीसाधन आपूर्तिककर्ताहरूबाट विद्युतीय बस तथा माइक्रो बस खरिद गर्नका लागि आवश्यक कागजातसहित बैंकको शाखामा सम्पर्क गर्न सक्ने पनि विज्ञप्तिमा उल्लेख छ ।

यस योजनामा समावेश गरिएका अनुदानहरूले ऋणीहरूको सुरुवाती पुँजीको व्यवस्थापनमा सहुलियत दिने छ । सार्वजनिक यातायातमा विद्युतीय सवारीसाधनको प्रयोगसँगै प्रदुषण समेत कम गर्न सकिने जस्ता बहुआयामिक लाभहरू प्राप्त हुने बैंकका दिगो बैकिङ विकास विभागका प्रमुख अर्पण पौडेलले बताएका हुन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई